नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०  अंक २६  २०७७ साल भदौ १ गते सोमबार (17 Aug 2020 Monday)  मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : मनसुनको दुई महिना ... ३ पृष्ठमा : नेपाल सरकारको निर्णय ... ३ पृष्ठमा : ट्रम्पका भाइको ...

# भारतबाट जोडिएका सप्तरीको कुनौली नाका पनि बन्द



**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**

भारतसँग सीमा जोडिएका सप्तरीको कुनौली नाका पनि बन्द गरिएको छ । कोरोना भाइरसको संक्रमण रोक्न जिल्ला प्रशासन कार्यालयले एक सूचना जारि गर्दै उक्त नाकाबाट पनि आवतजावत संचालनमा पूर्ण रोक लगाइएको जनाएको छ ।

भारतबाट नेपाल र नेपालबाट भारत ओहोरदोहर गर्नेको संख्या बढेसँगै कोरोना संक्रमितको संख्या पनि ह्वातै बढ्न थालेपछि यस्तो निर्णय गरिएको बताइएको छ ।

जिल्ला प्रशासन कार्यालयबाट सूचना जारि भएसँगै नाका बन्द गरिनुका साथै थप सतकर्ता र निगरानी कडा पारिएको छ ।

यसअघि जिल्लाको छिन्नमस्ता, डाक्नेश्वरी, बलान बिहुल र बोदेबसाईन लगायतका नाकाबाट समेत आवतजावत हुने गरेकोमा केही दिनअघि मात्र ती सबै नाका बन्द गरि कुनौली नाकाबाट मात्र आवश्यक जाँच पश्चात् आवतजावत गर्ने व्यवस्था मिलाइएको थियो ।


छिमेकी मुलुक भारत तथा विशेषगरि सीमावर्ती क्षेत्रमा कोरोनाको संक्रमण तिब्रगतिमा फैलिएकाले नेपाल सरकारको (मन्त्रिपरिषद्) साउन २६ गतेको निर्णय अनुसार नाका बन्द गरिएको सहायक प्रमुख जिल्ला अधिकारी जयप्रसाद घिमिरेले बताए ।

जिल्ला प्रवेश गर्ने भारतीय सीमासँग जोडिएका सबै नाका बन्द गरिएपछि भारतबाट घर फर्किनेहरु कोही सीमा क्षेत्रमा अलपत्र परेका छन् भने कोही प्रदेश १ को बिराटनगर तथा कोही प्रदेश २ को सिरहा माडर नाकाबाट प्रवेश गरिरहेका छन् ।

# ६ जनामा कोरोना पुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**

सप्तरीमा आइतबार थप ६ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै सप्तरीमा संक्रमितको संख्या ६ सय ७१ पुगेको छ ।



गजेन्द्रनारायण सिंह अस्पताल राजविराजले सार्वजनिक गरेको १ सय ६८ जनाको रिपोर्टमा ६ जनाको रिपोर्ट पोजेटिभ आएको हो । जसमध्ये छिन्नमस्ता ४ का १०, ३० र ५२ वर्षिय पुरुष तथा १८ र ४५ वर्षिया महिलाको रिपोर्ट पोजेटिभ रहेको छ ।

यसैगरी, उमेर नखुलेका जनकपुर ४ धनुषाका एक पुरुषको पनि कोरोना रिपोर्ट पोजेटिभ छ । उनी सप्तरीमा संचालित एक आयोजनाका प्रमुख रहेको जनाईएको छ ।

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रबिधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# प्रदेश २ का सबै क्रिकेट खेलाडीको कोरोना बिमा गरिने




**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**

प्रादेशिक क्रिकेट संघ, प्रदेश नं. २ को शनिवार सम्पन्न अनलाईन अन्तरकृयाबाट प्रदेश २ का सबै क्रिकेट खेलाडीहरुको कोरोना बिमा गरिने निर्णय गरेको छ ।

सम्पन्न अन्तरक्रियाबाट बिश्वभर बिकाल रुप लिएको कोरोनाबाट सुरक्षाको लागि

*बाँकी दुई पृष्ठमा*

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

## कोरोना नियन्त्रणमा सबैले जिम्मेवारी बहन गर्नुपर्छ

खुल्ला सीमानाकाका कारण अहिले सप्तरीमा भारतबाट आउनेहरुकाका कारण पनि कोरोनाको त्रास बढेको छ। विभिन्न काम विशेषले भारतमा रहेका नेपालीहरु घर फर्किने क्रममै रहेका छन् । भारतमा संक्रमितहरुको संख्या बढ्दो छ । भारत गएकाहरु रोजगारी नपाएर पुनः स्वदेशनै फर्किने गरेका छन् । सरकारले सप्तरीसँग जोडिएको भारतीय नाका कुनौली समेत बन्द गरिदिएको छ । जसकारण अब भारतबाट सप्तरी प्रवेश गर्ने कुनै आधिकारीक नाका छैन् । हुन त सरकारले सीमानाका बन्द गरेपनि लुकिछिपी नेपाल प्रवेश गरि नै रहेका छन् । विभिन्न नाकाहरुबाट रातीको समयमा लुकेर भएरपनि नेपाल प्रवेश गर्ने गरेका छन् ।

अन्ध्यारोको मौका छोपी नेपाल प्रवेश गरेर क्वारेन्टाइनमा बस्नु पर्ने हो तर, उनीहरु सिधै घरै जाने गरेका छन् । जसले गर्दा यदी ती व्यक्ति संक्रमित छन् भने उनीहरुको परिवारसमेत संक्रमित हुने आंशका हुन्छ । र परिवारका सदस्यहरुका कारण पुरै गाउँनै संक्रमित हुने कुराप्रति अहिले पनि हेलचक्राई भइरहेको पाइएको छ । यद्दपी सरकारले सीमानाका बन्द गरेपनि त्यसक्षेत्रमा प्रहरीले गस्ति गरिरहेका छन् ।

कोही भारतबाट जुन माध्यमबाट आएपनि उनीहरु होम क्वारेन्टाइनमा बस्नु पर्छ । जसकारण अन्य व्यक्तिहरु संक्रमित हुनबाट जोगिन सक्छ । तसर्थ प्रशासनले मात्र ध्यान दिएर हुँदैन, यसप्रति घरपरिवार, गाउँका मानिस र स्थानिय जनप्रतिनिधिहरुले समेत ध्यान दिएमात्र कोरोना नियन्त्रणमा विशेष योगदान पुग्नसक्छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# मनसुनको दुई महिना :विपद्मा परी २३१ को मृत्यु, ७७ बेपत्ता

काठमाडौँ, ३२ साउन (रासस) ।

मनसुन सक्रिय भएपछिको दुई महिना मुलुकका लागि ठूलै जोखिमपूर्ण बन्यो । विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ को मार खेपिरहँदा यस वर्ष मनसुनजन्य विपद्बाट ठूलो जनधनको क्षति भएको छ । सबैभन्दा बढी पहिराले क्षति पु¥याएको छ । अनुमान नै नगरिएका स्थानमा अपत्यारिलो पहिरो खस्दा सयौँ नागरिकले अकालमै ज्यान गुमाए ।

नेपालमा जेठ ३१ गतेदेखि मनसुन शुरु भएको थियो । साउन ३१ सम्मको दुई महिनामा मात्रै ठूलो मानवीय क्षति हुन पुगेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सबैभन्दा बढी पहिराले क्षति पु¥याएको छ । प्राधिकरणका प्रमुख अनिल पोखरेलले साउन ३१ सम्म मनसुन सक्रिय भएपछिको दुई महिनामा मात्रै बाढीपहिरो र चटचाङबाट २३१ को मृत्यु, ७७ बेपत्ता र २०८ जना घाइते भएको जानकारी दिनुभयो ।

उक्त अवधिमा पहिरामा परेर मात्रै २०६ को मृत्यु, ६६ बेपत्ता र १६१ घाइते भए । बाढीमा परेर चारको मृत्यु, ११ बेपत्ता र एक जना घाइते छन् । चटचाङबाट २१ को मृत्यु र ४६ जना घाइते भएका छन् ।

यस पटक प्रिमनसुनमै बढी वर्षा भएको थियो । त्यसपछि मनसुनको शुरुआती समयमै धेरै पानी पर्दा जमीन गलेकाले पनि हल्का वर्षा हुँदा नै पहिराका घटना बढी भए । विपद्मैत्री विकास हुन नसक्नु अर्को कारण रह्यो भने भूकम्पलगायत कारणले पनि बढी पहिरो खसेको छ । एकै स्थानमा बढी वर्षा हुँदा भेलपहिराको जोखिम हुन्छ ।

यस पालि मुलुकका ६० भन्दा बढी जिल्ला प्राकृतिक विपत्तिबाट प्रभावित भएका छन् । यद्यपि एक दर्जनभन्दा बढी जिल्लामा ठूलो जनधनको क्षति हुने गरी पहिरो खसेको छ । सबैभन्दा बढी मानवीय क्षति सिन्धुपाल्चोकले बेहोर्नुपरेको छ । गत असार २५ मा आएको भारी वर्षापछि आएको बाढी र भेल पहिराले बाह्रबीसेको जम्बुबजार र भोटेकोशीमा तीन जनाको मृत्यु भयो भने २० जना बेपत्ता भएका थिए । त्यसको एक महिना पाँच दिनपछि साउन ३० गते जुगल गाउँपालिका -२ लिदीमा पहिरो खस्दा १८ जनाको अकालमा मृत्यु भएको छ भने अन्य २१ जना अझै बेपत्ता छन् ।

दोस्रो ठूलो घटना असार २६ मा म्याग्दीमा भयो । भारी वर्षा हुँदा धवलागिरि, मालिका र रघुगङ्गा गाउँपालिकामा खसेको पहिरामा २७ जनाको मृत्यु भयो, अझै चार जना बेपत्ता छन् । मनसुन सक्रिय रहेकाले अझै प्राकृतिक विपद्को जोखिम कायम रहेको मौसमविद्को भनाइ छ ।

मनसुन शुरु भएको दिन जेठ ३१ गते पर्वतको दुर्लुङबाट विपद्को घटना शुरु भएको थियो । प्राप्त विवरणअनुसार सिन्धुपाल्चोक, म्याग्दी, जाजरकोट, कास्की, बझाङ, पर्वत, पाल्पा, लमजुङ, गुल्मीलगायत जिल्लामा ठूलो पहिराबाट जनधनको क्षति भएको छ ।

### वैशाखयता २६६ को मृत्यु

गएको वैशाखयताको तथ्याङ्क हेर्दा सबैभन्दा बढी पहिराबाट मानवीय क्षति भएको छ । त्यसपछि चटचाङबाट बढी मानवीय क्षति भयो । उक्त अवधिमा मनसुनजन्य विपद्बाट २६६ को मृत्यु, ७८ बेपत्ता र ३३० जना घाइते भएका छन् ।

उक्त अवधिमा पहिरामा मात्रै २०८ जनाले ज्यान गुमाए, ६६ जना बेपत्ता छन् । बाढीबाट सातको मृत्यु र १२ बेपत्ता छन् । चटचाङबाट ५१ को मृत्यु र १६५ घाइते छन् ।

### अगष्टभरि बाढीपहिराको जोखिम

जल तथा मौसम विज्ञान विभागले मनसुन कमजोर रहे पनि हल्कादेखि मध्यम वर्षा हुने भएकाले अगष्ट महिनाभरि नै जोखिम कायमै रहेको जनाएको छ । सेप्टेम्बर लागेपछि भने विस्तारै कम हुँदै जाने जनाइएको छ ।

यसपाली सेप्टेम्बर २३ मा मनसुन सकिन्छ । त्यस बेलासम्म कुनै न कुनै जोखिम रहने तर अगष्टपछि विस्तारै कम हुँदै जाने मौसमविद् शान्ति कँडेलले बताउनुभयो । आइतबार मुलुकभर नै मौसम बदली छ ।

उहाँका अनुसार आइतबार पश्चिम नेपालका कास्की, जुम्ला र सुर्खेतका केही भेगमा पानी परिरहेको छ । "मुलुकभर नै मौसम बदली छ, सातै प्रदेशका केही ठाउँमा हल्कादेखि मध्यम पानी पर्ने सम्भावना छ, राति र भोलि पनि त्यो क्रम जारी हुन्छ", मौसमविद् कँडेलले भन्नुभयो, "लगातारको झरी नपरे पनि औसतभन्दा बढी पानी परिसकेकाले सामान्य वर्षाले नै बाढी, पहिरोको जोखिम हुन्छ ।"

उहाँका अनुसार अहिले मनसुनी न्यूनचापीय रेखा दक्षिणतर्फ सरेको छ तर बङ्गालको खाडीमा एउटा न्यूनचापीय क्षेत्र बनेकाले त्यहाँबाट जल वाष्पयुक्त हावा नेपाल प्रवेश गरेको कँडेलले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार सोमबार रातिदेखि भने अहिलेभन्दा वर्षा केही बढ्ने छ । लगातारको झरी भने हुने छैन ।

### प्रदेश २ का ...

प्रदेशका सम्पुर्ण खेलाडिहरुलाई सुरक्षाका उपाय बारे जनचेतना गराउने तथा प्रदेशका नियमित पुरुष तथा महिला खेलाडिहरुको कोभिड बिमा गर्ने निर्णय गरेको हो ।

प्रदेश मातहतमा रहेका सम्पुर्ण ८ जिल्लाकै नियमित खेलाडिहरुको कोभिड बिमा अनिवार्य गर्न जिल्ला क्रिकेट संघहरुलाई निर्देशन दिने समेत निर्णय भएको जानकारी प्रदेश क्रिकेट संघका सचिव आयुश श्रेष्ठले जानकारी दिएका छन् ।

त्यसै गरि अवस्था सामान्य भई यातायात संचालनमा आउनासाथ प्रदेश स्तरीय ओ लेभलको अम्पाएर स्कोरिंग तालिमको आयोजना गर्ने जिम्मेवारी सप्तरी क्रिकेट संघलाई दिने समेत निर्णय भएको श्रेष्ठले बताए ।

प्रदेशका न्युन आए भएका तथा कोभिडका कारणले जिविकोपार्जन गर्न कठिनाई भएका खेलाडिहरुको नामावली संकलन गरि प्रदेशमा पेश गर्ने जिम्मेवारी प्रदेशका सदस्य सुभाष जयसवाललाई दिएको निर्णय समेत गरिएको छ ।

हाल दुवै किडनी खराव भएका तथा कोरोनाले समेत ग्रसित खेलाडि कुन्दन सिंह बचाउ अभियानमा सहयोग गर्ने सम्पुर्ण सहयोगी मनहरुलाई धन्यवाद दिदै कुन्दन सिंहलाई किडनी दाता पाए पश्चात् प्रत्यारोपणको लागि आवश्यक सहयोगको लागि समेत प्रदेशले आवश्यक सहयोग गर्न पहल गर्ने समेत निर्णय भएको श्रेष्ठले जानकारी दिए ।

प्रदेश क्रिकेट संघका अध्यक्ष हिरा भगतको अध्यक्षता सम्पन्न उक्त अन्तरकृयामा नेपाल क्रिकेट संघका कोषाध्यक्ष एवं प्रदेश सदस्य रोशन सिंहको प्रमुख आतिथ्यता एवं नेपाल क्रिकेट संघकै सदस्यद्धय माधव कर्मचाय र दाउद अन्सारीको बिशेष आतिथ्यतामा सम्पन्न भएको थियो ।


हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

यी रोगसँ बचबाक लेल की करैय परतई ?

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

आरो ध्यान देववाला बात :

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - सतिश कुमार सिंह

अध्यक्ष

तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# नेपाल सरकारको निर्णय कार्यान्वयन गराउन निर्देशन

**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**

जिल्ला सुरक्षा समिति सप्तरीले नेपाल सरकार, मन्त्री परिषदको २६ साउनका केहि निर्णय कडाईका साथ कार्यान्वयनमा ल्याउन सम्वन्धित निकायलाई निर्देशन गरेको छ ।

समितिको ३० साउनमा सम्पन्न वैठकको निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय सप्तरीले ३२ साउनमा पत्राचार गरी यस्तो निर्देशन जारी गरेको हो ।

जिल्लाका ९ नगरपालिका सहित १८ वटै स्थानीय तह, सप्तरी उद्योग वाणिज्य संघ, गैरसरकारी संस्था महासंघ, राष्ट्रिय सहकारी वैंक तथा सम्पूर्ण वैंक तथा वित्तिय संस्थाहरुका नाममा पत्राचार गरी उक्त निर्णयका वारेमा सम्वन्धित सरोकारवाला कार्यालय, ब्यक्ति संस्था लगायतलाई जानकारी गराउन भनिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

फोन नं. :- ०३१-५२०६२४
५२००३२
५२०१७४
५२०८३२

पत्र संख्या :- २०७७/७८
चलानी नं :-

मिति :- २०७७/०४/३२

**नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।४।२६ को बैठकबाट भएका निर्णयहरु मध्येका केही निर्णयहरु**

**निर्णय नं १**

कोभिड–१९ संक्रमणको सक्रिय संक्रमित दुई सयभन्दा बढी भएका जिल्ला र काठमाण्डौ उपत्यकाका सरकारी तथा गैरसरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तीय संघसंस्था लगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय निकाय एवं संघ संस्थाहरुले विद्युतिय माध्यमबाट समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने । मिति २०७७ साउन २९ गतेदेखि यी निकायहरुको कार्यसम्पादन एवं सेवा प्रवाहका लागि बढीमा ५० प्रतिशत कर्मचारी कार्यालयमा आलोपालो गरी उपस्थित हुने र अन्य कर्मचारीहरुलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्ने (Work From Home) व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने । अनलाइन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सम्भव नहुने र बढी जनसम्पर्क हुने कार्य अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने ।

**निर्णय नं २**

कोभिड १९ को संक्रमणको जोखिम बढदै गएको देखिएको हुँदा जनस्वास्थ्यको रक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्ने अवश्यकता भएकोले धार्मिकस्थलहरुमा दैनिक नित्य पूजा बाहेक अन्य कुनै पनि गतिविधि सञ्चालन नगर्ने नगराउने । चाडपर्वहरु आ-आफ्नै घरभित्र रही जनस्वास्थ्यका मापदण्डहरु पालना गरेर आ-आफ्नो परिवारका सदस्यहरुले मात्र मनाउने ।

**निर्णय नं ३**

दैनिक उपभोग्य वस्तुलगायत पूर्वाधार निर्माणमा अवश्यक सामाग्रीहरु आपूर्ति गर्दा सो कार्यमा संलग्न चालक, सहचालक तथा अन्य व्यक्तिले स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालनामा कमी भएको देखिएकोले सम्बन्धित व्यवसायी, उद्योगी एवं सामाजिक संघ-संस्था, सामुदायिक संस्था र सहकारीहरुले अनिवार्य रुपमा सामाजिक दुरी कायम गर्नुका साथै मास्क, स्यानिटाइजरजस्ता न्यूनतम स्वास्थ्य मापदण्ड पालना गर्ने ।

**निर्णय नं ४**

फुटपाथ/खुल्ला ठाउँ र ठेलागाडा/साइकलमा सञ्चालन भइरहेका तरकारी, फलफूल, खाद्यान्न लत्ता कपडा लगायतका खुद्रा व्यापार व्यवसाय एवं कवाडी संकलनजस्ता कार्य जथाभावी रुपमा सञ्चालन हुँदा भिडभाड बढ्ने र कोभिड-१९ को संक्रमण समुदाय स्तरसम्म विस्तार हुने जोखिम बढेकोले यस्ता कार्यलाई सम्बन्धित स्थानीय प्रशासन/स्थानीय तहले निषेध गर्ने ।

**निर्णय नं ५**

उद्योग, कलकारखाना लगायतका व्यवसाय सञ्चालन गर्ने व्यवसयीहरुले हाल उद्योग व्यवसाय सञ्चालन गर्न तथा निजी तथा सार्वजनिक निर्माणको काममा लगाइएका श्रमिक लगायतका जनशक्तिलाई अनिवार्य रुपमा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड अवलम्बन गर्न लगाई उद्योग/कलकारखाना/सार्वजनिक तथा निजी निर्माणको परिसरभित्रै सुरक्षित रुपमा खाने बस्ने व्यवस्था गर्ने । हाललाई अन्यत्र स्थानबाट कामदारहरु नल्याउने । कोभिड-१९ को संक्रमणको कारण भविष्यमा आउने जोखिम व्यवस्थापन ग र्न सम्बन्धित उद्योग व्यवसायले आफ्नो क्षेत्रभित्र आवश्यक क्वारेन्टिन तथा आइसोलेसन लगायतका पूर्वाधारको प्रबन्ध समेत गर्ने ।

निर्णय प्रमाणित
०७७/४/३२
प्रशासकिय अधिकृत

## धनुषामा लकडाउन अवधि थपियो

जनकपुर, ३२ साउन (रासस) ।

जिल्ला प्रशासन कार्यालयले धनुषामा एक साताका लागि लकडाउन थपेको छ ।

कोभिड-१९ को सङ्क्रमण बढ्दै गइरहेकाले आइतबार राति १२:०० बजेपछि लकडाउनको अवधि सकिन लागेपछि पुनः भदौ ७ गतेसम्मका लागि लकडाउन अवधि थप गरिएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईद्वारा आइतबार जारी गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्डलाई कडाइका साथ लागू गराउनका लागि स्थानीय प्रशासन ऐन दफा २०२८ ६(३) अनुसार सो आदेश जारी गरिएको हो । लकडाउनको अवधिमा विहान १०:०० बजेसम्म मात्र पसल सञ्चालन गर्न पाउने छन् । व्यापार र व्यवसाय सञ्चालन गर्दा बिक्रेताले पञ्जा, मास्क र स्यानिटाइजर प्रयोग गर्नुका साथै सामाजिक दूरी कायम गर्नुपर्ने तथा क्रेतालाई अनिवार्य रुपमा मास्क प्रयोग गर्ने विषयमा सो विज्ञप्तिमार्फत सचेत गराइएको छ ।

धनुषामा कोरोना सङ्क्रमितको सङ्ख्या निरन्तर रुपमा वृद्धि हुन थालेपछि स्थानीय प्रशासनले यही साउन १९ गतेदेखि शुरु गरेको एक साताको लकडाउनको अवधिमा एक-एक साता थप्दै गएको छ ।

## कोभिड अस्पतालमा भेन्टिलेटर जडान

जलेश्वर, ३२ साउन (रासस) ।

कोरोना विशेष अस्पताल जलेश्वरमा पाँच थान भेन्टिलेटर जडान गरिएको छ । प्रदेश २ मा कोरोना सङ्क्रमणबाट थप जोखिम हुन नदिन महोत्तरीको सदरमुकाम जलेश्वरस्थित कोरोना विशेष अस्पतालमा भेन्टिलेटर जडान गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुरेश पाण्डेले जानकारी दिनुभयो ।

प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा कोभिड अस्पताल जलेश्वरमा भेन्टिलेटरसहितको आइसीयु सेवा सञ्चालनमा ल्याइएको हो ।

जलेश्वरस्थित कोरोना विशेष अस्पतालमा हाल ४२ जना कोरोना सङ्क्रमित उपचाररत रहेका छन् भने चार/पाँच जनामा मात्रै कोरोनाको लक्षण देखिएको छ । तर सबै जनाको अवस्था सामान्य रहेको छ ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# विश्व समाचार

## ट्रम्पका भाइको निधन

वासिङ्टन, ३२ साउन (रासस/एएनआई) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका भाइ रोबर्ट ट्रम्पको निधन भएको छ । स्थानीय समय अनुसार शनिबार न्यूयोर्कस्थित एक अस्पतालमा उहाँले देहत्याग गर्नुभएको अधिकारीहरुले जनाएका छन् । आफ्ना भाइको निधन भएपछि शोक वक्तव्य प्रकाशित गर्दै उहाँले आफ्नो भाइलाई गुमाउनु पर्दा मन गह्रुङ्गो भएको उल्लेख गर्नुभएको छ ।

उहाँले दिवंगत रोबर्ट आफ्ना लागि भाइ मात्रै नभई सबैभन्दा राम्रो साथी भएको स्मरण गर्नुभएको छ । उहाँले भाइलाई गुमाउनु पर्दा अत्यन्त गाह्रो भएको र चाडै उसँग फेरी भेट हुने विश्वास पनि व्यक्त गर्नुभएको छ । भाइको याद मनभरी ताजा रहिरहने उल्लेख गर्दै उहाँले भाइको आत्माको शान्तिको कामना पनि वक्तव्यमा गर्नुभएको छ ।

पछिल्लो केही समयदेखि बिरामी अवस्थामा रहेकाले उपचार गराइरहनुभएका राष्ट्रपतिका भाई रोबर्ट ७२ बर्षको हुनुहुन्थ्यो । उहाँको रोग र समस्याका बारेमा भने सार्वजनिक गरिएको छैन । उहाँ ट्रम्प संगठनका कार्यकारी उपाध्यक्षको रुपमा सक्रिय हुनुहुन्थ्यो भने राष्ट्रपति ट्रम्पका मुख्य सहयोगी र विश्वास पात्र हुनुहुन्थ्यो ।

## भारतमा कोरोनाबाट मृत्यु भएकाको संख्या ५० हजार नजिक

नयाँदिल्ली, ३२ साउन (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएर मृत्यु भएकाहरुको सङ्ख्या ५० हजार नजिक पुगेको छ । सरकारी स्वास्थ्य अधिकारीहरुले आइतबार दिएको जानकारी अनुसार भारतमा कोरोनाका कारण मृत्यु भएकाहरुको कूल सङ्ख्या ४९ हजार ९८० पुगेको छ ।

पछिल्लो केही हप्तादेखि दैनिक एक हजारको हाराहारीमा भारतमा कोरोनाका कारण मानवीय क्षति हुँदै आएको तथ्याङ्कले देखाएको छ । केन्द्रीय स्वास्थ्य मन्त्रालयले पछिल्लो २४ घण्टामा भारतमा कोरोनाका कारण ९४४ जनाको मृत्यु भएको जनाएको छ ।

भारतमा कोरोनाबाट सोही अवधिमा एकैदिनमा ६३ हजारभन्दा बढी सङ्क्रमित भएका छन् । पछिल्ला केही दिनदेखि दैनिक ६० हजारभन्दा बढीको सङ्ख्यामा भारतमा सङ्क्रमितहरु थपिँदै आएका छन् । सरकारी अधिकारीहरुले आइतबार दिएको जानकारी अनुसार भारतमा पछिल्लो २४ घण्टामा ६३ हजार ४८९ जना सङ्क्रमित भएका हुन् ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या २५ लाख ८९ हजार ६८२ रहेको छ । ती मध्ये छ लाख ७७ हजार ४४४ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने अरु १८ लाख ६२ हजार २५८ जना सङ्क्रमणमुक्त भइसकेका छन् । कुल सङ्क्रमित मध्ये दुई प्रतिशतभन्दा कमको मात्रै कोरोनाका कारण मृत्यु भएको पाइएको पनि अधिकारीहरुले जानकारी दिएका छन् ।

## दक्षिण कोरियामा एकैदिनमा मार्चपछिकै सबैभन्दा धेरै संक्रमित

दक्षिण कोरिया, ३२ साउन (रासस/एपी) ।

दक्षिण कोरियामा कोरोनाभाइरसबाट एकैदिनमा मार्च महिना पछिकै सबैभन्दा धेरै सङ्क्रमित भएका छन् ।

अधिकारीहरुले दिएको जानकारी अनुसार गत मार्चदेखि अहिलेसम्ममा दैनिक सङ्क्रमित भएकामध्ये पछिल्लो २४ घण्टामा सङ्क्रमितको सङ्ख्या सबैभन्दा धेरै देखिएको छ ।

उनीहरुका अनुसार दक्षिण कोरियामा पछिल्लो २४ घण्टामा २७९ जना नयाँ सङ्क्रमित भेटिएका छन् । योसँगै दक्षिण कोरियामा कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको कुल सङ्ख्या १५ हजार ३८१ पुगेको छ ।

कोरियाली रोग नियन्त्रण केन्द्रले आइतबार सार्वजनिक गरेको विवरण अनुसार दक्षिण कोरियामा कोरोनाका कारण अहिलेसम्म ३०५ जनाको मृत्यु भएको छ ।

अधिकारीहरुका अनुसार गत मार्च ८ मा एकैदिनमा अहिलेसम्मकै सबैभन्दा धेरै ३६७ जना सङ्क्रमित भएका थिए ।

कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको सङ्ख्या बढेकाले दक्षिण कोरियामा उच्च स्वास्थ्य सतर्कता अपनाइएको छ भने कतिपय प्रतिबन्धात्मक व्यवस्था लागु गरिएको छ ।

पछिल्लो समयमा भेटिएका नयाँ सङ्क्रमितमध्ये २५३ जना राजधानी सोलका मात्रै रहेको रोग नियन्त्रण केन्द्रले जनाएको छ ।

सङ्क्रमण फैलिन नदिनका लागि सरकारी तथा स्वास्थ्य अधिकारीहरुले चर्च, नर्सिङ होम, विद्यालय, रेष्टुरेन्टलगायतमा विशेष ध्यान दिएका छन् ।

देशका अन्य मुख्य सहरहरु बुसन, डेगुलगायतमा पनि सङ्क्रमण फैलिएका विवरणहरु आइरहेका छन् । ती ठाउँहरुमा गत फेब्रअरी र मार्चमा कोरोनाभाइरसको सङ्क्रमणको केन्द्रविन्दुहरु भएका थिए । जहाँ दैनिक सयौं नयाँ नयाँ सङ्क्रमितहरु भेटिने गरेका थिए ।

सङ्क्रमितहरुको सङ्ख्याका आधारमा दक्षिण कोरियाली सरकारले आम नागरिकका गतिविधिमा कहिले कडाई गर्ने र कहिले खुकुलो पार्ने कार्य गरिरहेको छ ।

# सामाजिक संजालमार्फत झुठा अफवाह फैलाएको कसुरमा दुई पक्राउ

**दैनिक समाचारदाता राजविराज, ३२ साउन ।**

सामाजिक संजालमार्फत सार्वजनिक शान्ति बिरुद्ध झुठा अफवाह फैलाएको कसुरमा सप्तरी प्रहरीले दुई जनालाई आइतबार नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी तिलक भारतीका अनुसार गत बैशाख ९ गते झुठा अफवाह फैलाएको कसुरमा जिल्ला प्रशासन कार्यालय सप्तरी राजबिराजबाट कारवाही गरिएको राजविराज ४ निवासी दिवाकर साहलाई पुनः नेपाल पत्रकार महासंघ सप्तरीको जाहेरीको आधारमा सोही कसुरमा नियन्त्रणमा लिएको जनाएको छ ।

प्रहरीले जारि गरेको विज्ञप्तिमा साउन २३ गते सामाजिक संजाल (फेसबुक लाइभ) मार्फत सार्वजनिक शान्ति विरुद्ध झुठा अफवाह फैलाएको कसुर मुद्दाको अनुसन्धान तथा कारवाहरीको सिलसिलामा फरार रहेको आइतबार जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलिले नियन्त्रणमा लिई थप अनुसन्धान कार्य गरिरहेको जनाएको छ ।

यस्तै प्रहरीले सार्वजनिक शान्तिमा खलल पुऱ्याएको आरोपमा राजबिराज नगरपालिका ७ स्थित हटियामा निवासी २३ वर्षिय विष्णुप्रताप साहलाई पक्राउ गरेको हो । उनी नरसिंह हिन्दु सेना सप्तरीका अध्यक्ष समेत रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सुरुङ्गा नगरपालिका -६, कडरबोना वस्ने एक बालिकालाई स्थानीय ३६ वर्षको सद्रुल हकले जिस्काउने गरेको विषयमा साहले सामाजिक सञ्जाल फेसवुकमा लाईभ गरी सामाजिक र धार्मीक सहिष्णुतामा खलल् पुऱ्याएको प्रहरीको आरोप छ ।

फेसवुक लाइभमा सामाजिक र धार्मिक सहिष्णुतामा खलल पुर्याउने खालका विभिन्न शब्दहरु प्रयोग गरेको पाईएपछि उनलाई नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी तिलक भारतीले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालय सप्तरीवाट म्याद थप गराई उनको वारेमा थप अनुसन्धान भईरहेको उनको भनाई छ ।

# निष्पक्षरुपमा निरन्तर समाचार सम्प्रेषण गरेका पत्रकार झा र माझी सम्मानीत



**दैनिक समाचारदाता राजविराज, ३२ साउन ।**

नेपाली सेनाको राजविराजस्थित भिमदल गणले लामो समयदेखि निष्पक्षरुपमा निरन्तर समाचार सम्प्रेषण गरी संचारक्षेत्रमा निर्वाह गरेको योगदानको कदर गर्दै सप्तरीका दुई संचारकर्मीलाई सम्मानीत गरेको छ ।

आइतवार आयोजित एक कार्यक्रमबीच प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झा तथा नेपाल फोटो पत्रकार महासंघ सप्तरीका अध्यक्ष मनोज कुमार माझीलाई गणका प्रमुख सेनानी गुप्त बहादुर कुँवरले सम्मानीत गरेका हुन् ।

जिल्लामा निष्ठाबान पत्रकारको रुपमा कार्यरत रहनुका साथै गणद्वारा विभिन्न समयमा सम्पन्न विपत व्यवस्थापन कार्य, सर्च एण्ड रेस्क्यु, विपत प्रतिकार्य तालिम, मेडिकल कैम्प, जनहीत कार्य तथा अन्य योगदानहरुलाई सत्यतामा आधारित रहि सरोकारबाला र जिल्लाबासीहरु सामु निष्पक्षरुपमा निरन्तर समाचार सम्प्रेषण गरी सुचना तथा संचारको क्षेत्रमा पहुच पुऱ्याउनका लागि निर्वाह गरेकाले योगदान कदर गर्दै सम्मानन गरिएको गणले जनाएको छ ।

सोही अवसरमा नयाँ आएका गणका प्रमुख सेनानी निरज भण्डारीको स्वागत तथा सरुवा हुनु भएका प्रमुख सेनानी कुँवरको भव्य विदाई समेत गरिएको छ ।

**पत्रकार आचारसंहिता र बालमैत्री सञ्चार निर्देशिकाको पालना गरौं ।**

**महिला, बालबालिकाका समाचारमा प्रकाशन र प्रसारणगर्दा सावधानी अपनाऔं ।।**

*लैङ्गिक हिंसा सम्बन्धी यौनजन्य दुर्व्यवहार, बलात्कार, जबरजस्ती करणीको प्रयास जस्ता आपराधिक घटनाहरू सामाजिक सञ्जाल, सञ्चार माध्यमहरूबाट सार्वजनिक गर्दा गोपनीयता, गाम्भिर्यता र संवेदनशीलताको ख्याल गरी महिला तथा किशोरीहरूको सम्मानित जीवन बाँच्न पाउने अधिकार हनन् हुने किसिमबाट सामग्रीको सम्प्रेषण तथा प्रचार प्रसार नगरौं ।*

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - **हरेराम यादव**
**अध्यक्ष**
**रूपनी गाउँपालिका, सप्तरी**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*